# बुद्धशान्ति गाउँपालिकाको

## गाउँ सभाको अठारौं अधिवेशनमा

## उपाध्यक्ष श्री भवानी प्रसाद खतिवडाद्धारा प्रस्तुत

## आर्थिक वर्ष २०८३/०८४ को वजेट वक्तव्य

## बुद्धशान्ति गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बुधबारे, झापा

**२०८३ असार १०**

**यस बुद्धशान्ति गाउँपालिकाको अठारौं गाउँसभा अधिवेशनका आदरणीय सभाध्यक्षज्यू,**

**गाउँसभाका सचिवज्यू र गाउँसभाका सदस्यज्यूहरु,**

**गाउँपालिका र मातहतका सम्पूर्ण कर्मचारी मित्रहरु,**

**संचारकर्मी एवम सुरक्षाकर्मी साथीहरु,**

**एवम सम्पूर्ण उपस्थित महानुभावहरु ।**

१. सर्वप्रथम म नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान र राजनीतिक—सामाजिक परिवर्तनको शिलशिलामा विभिन्न कालखण्डमा भएका आन्दोलन, संघर्ष र क्रान्तिमा मुलुक र जनताको हित, कल्याण र उन्नतिका लागि आफ्नो जीवन समर्पण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै नेपालको राजनीतिक, आर्थिक र सामाजिक—सांस्कृतिक परिवर्तनमा उहाँहरुले पुर्याउनु भएको योगदानको पुनःस्मरण गर्न चाहन्छु ।

२. हालसम्म हाँसिल भएका उपलब्धिहरुलाई संस्थागत गर्दै नागरिकमा आशा एवम विश्वास जगाउन, आर्थिक-सामाजिक रुपान्तरण गर्न, दिगो भौतिक पूर्वाधार निर्माण गर्न, सक्षम मानव संसाधनको विकास गर्न, भ्रष्टाचार नियन्त्रण गर्न, वित्तिय अनुशासन कायम गर्न, पारदर्शिता एवं जवाफदेहिता अभिवृद्धि गर्दै सामाजिक न्याय एवं सुशासन कायम गर्न र संविधानको मर्म अनुरुप संघिय प्रणालीलाई सुदृढ तुल्याउन स्थानिय सरकार पूर्ण रुपमा प्रतिवद्ध रहेको समेत जानकारी गराउन चाहन्छु ।

३. नेपालको संविधानको धारा २३० मा भएको व्यवस्था बमोजिम यस गाउँपालिकाको उपाध्यक्षका हैसियतले आज म गाउँपालिकाको यस गरिमामय अठारौं गाउँसभा अधिवेशनमा आर्थिक वर्ष २०८३/८४ को वजेट तथा कार्यक्रम, आर्थिक विधेयक र विनियोजन विधेयक प्रस्तुत गर्न उपस्थित भइरहँदा गौरवान्वित महशुश गरेको छु ।

४. आर्थिक वर्ष २०८२/८३ को भदौ २३ र २४ मा भएको जेन्जी आन्दोलन, त्यस घटनाले निम्त्याएको राजनीतिक शून्यता तथा तत्पश्चात भएको मूल्यवृद्धि एवम आन्तरिक श्रोतको वास्तविक अनुमान गर्न समेत कठिन रहेको अवस्था लगायतका कारणले सो आ.व. मा विनियोजित सुरु वजेटको केही हिस्सा भौतिक पुनर्निर्माणमा खर्च गर्नुपर्ने बाध्यता तथा विशेष गाउँसभाबाट भएका वजेट कटौती जस्ता कठिन परिस्थिति बीच आगामी आर्थिक वर्षको वजेट तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मैले गहन जिम्मेवारी बोध गरेको छु । यी चुनौतीलाई सम्बोधन गर्दै स्थानीय विकास र सुशासन मार्फत समग्र गाउँपालिकाको विकास र समृद्धिको यात्रालाई टेवा

पुऱ्याउने ध्येयका साथ आगामी आर्थिक वर्षको वजेट तथा कार्यक्रम यस गरिमामय सभामा पेश गर्न अनुमति चाहन्छु ।

५. गाउँपालिकाका विषयगत समिति, विभिन्न संघसंस्था, बुद्धिजीवी, वडासमिति र गाउँपालिकावासी दाजुभाइ तथा दिदीबहिनीहरुबाट प्राप्त सुझाव र प्रमुख रुपमा गाउँसभा अध्यक्ष श्री मनोज प्रसाईज्यूले पेश गर्नु भएको नीति तथा कार्यक्रमलाई प्रस्तुत वजेट तथा कार्यक्रमको मार्गदर्शनको रुपमा लिएको छु ।

**आदरणीय सभाध्यक्षज्यू,**

**अब म आ.व. २०८१/०८२ र चालू आर्थिक वर्षको आर्थिक स्थितिको संक्षिप्त चर्चा गर्न चाहन्छु ।**

६. गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा कूल विनियोजन ६६ करोड ८५ लाख ९३ हजार ५ सय रहेकोमा वास्तविक आम्दानी ५७ करोड ८० लाख ६२ हजार २ सय १७ रुपैंयाँ ३४ पैसा मात्र भएको अवस्थामा यथार्थ खर्च ८६.२३ प्रतिशत रहेको छ । चालू आर्थिक वर्ष २०८२/०८३ मा कूल विनियोजन ६५ करोड २७ लाख ५९ हजार ६ सय ९० मध्ये चालु खर्च तर्फ ४१ करोड ४७ लाख ८ हजार १ सय ५७ विनियोजन भएकोमा ११ महिनाको अवधिमा चालू तर्फ रु ३२ करोड २५ लाख १५ हजार १ सय २० अर्थात् स्वीकृत वजेटको ७७.७७ प्रतिशत खर्च भएको छ । २०८३ साल असार मसान्त सम्म यस्तो खर्च रु ३७ करोड ७३ लाख ८४ हजार ४ सय २२ अर्थात् स्वीकृत चालु वजेटको ९०.६७ प्रतिशत हुने संशोधित अनुमान छ ।

क) पूँजीगत तर्फ रु २३ करोड ८० लाख ५१ हजार ५ सय ३३ विनियोजन भएकोमा २०८३ साल जेष्ठ मसान्त सम्म रु १० करोड ४० लाख ५० हजार ४ सय ४८ अर्थात् स्वीकृत पूँजीगत वजेटको ४३.७१ प्रतिशत रहेको छ । २०८३ साल असार मसान्तसम्म पूँजीगत तर्फ रु १९ करोड ३६ लाख ७८ हजार ७ सय २७ अर्थात स्वीकृत पूँजीगत वजेटको ८१.३६ प्रतिशत हुने संशोधित अनुमान छ ।अन्य संघीय तथा प्रदेश शसर्त, समपुरक तथा विशेष अनुदानतर्फ ५५.३५ प्रतिशत प्रगति भएको छ ।

ख) राजस्व परिचालनतर्फ आर्थिक वर्ष २०८१/०८२ मा कूल अनुमान ५ करोड ७३ लाख ५१ हजार रहेकोमा यथार्थमा ६०.२१ प्रतिशत संकलन भएको छ । चालू आर्थिक वर्ष २०८२/०८३ मा वार्षिक लक्ष्य ३ करोड २६ लाख

३१ हजार ३ सय २७ रहेकोमा २०८३ साल जेष्ठ मसान्तसम्म गाउँपालिकाको आन्तरिक राजस्व रु २ करोड २८ लाख २ हजार ३ सय ८९ अर्थात् आन्तरिक राजस्वको लक्ष्यको तुलनामा ६९.८७ प्रतिशत भएको छ । यो प्रतिशत संशोधित अनुमानमा ८०.१५ प्रतिशत हुने लक्ष्य रहेको छ ।

ग) आर्थिक वर्ष २०८२/८३ मा वडागत रुपमा विनियोजन गरिएको पूँजीगत वजेटमा जेष्ठमसान्त सम्म भौतिक प्रगति ५७.२२ प्रतिशत भएकोमा असार मसान्तसम्म भौतिक प्रगति ८०.२५ प्रतिशत हुने संशोधित अनुमान छ र गाउँपालिका स्तरमा जेठ मसान्त सम्मको भौतिक प्रगति ५२.५१ प्रतिशत भएकोमा असार मसान्त सम्ममा पूँजीगत वजेटको भौतिक प्रगति ८२.३६ प्रतिशत हुने संशोधित अनुमान छ ।२०८३ साल जेष्ठ मसान्त सम्म पूँजीगत तर्फ कूल विनियोजनको ४३.७१ प्रतिशत भौतिक प्रगति भएको तथ्यांक छ भने असार मसान्त सम्म यो प्रगति ८१.१६ प्रतिशत भन्दा वढी हुने अनुमान छ ।

घ) चालू आर्थिक वर्ष २०८२/०८३ को वजेट कार्यान्वयनबाट हालसम्म ५ किमी पक्की र १७ किमी कच्ची सडक निर्माण तथा ग्राभेल, १ वटा पूल निर्माण, ६ वटा खानेपानी आयोजना निर्माण, ६ वटा सिंचाई कूलो निर्माण, ४ वटा डिप बोरिङ्ग तथा ५ वटा ईनार सिंचाई आयोजना, ४ वटा पर्यटकीय स्थल र त्यहाँसम्म पुग्ने पहुँचमार्ग निर्माण, ५६ वटा घर नक्सा पास, १३ वटा कानून निर्माण, न्यायिक समितिबाट ४६ वटा विवादको निरुपण, प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ५५ जनालाई १०० दिन बराबरको रोजगारी सिर्जना, ५ वटा सामुदायिक भवन र ३ वटा विद्यालय भवन तथा शौचालय निर्माण, १६ वटा मठ मन्दिर निर्माण तथा जीर्णोद्दार, नेपाल सरकारले तोके बमोजिमको उमेर समूहका १५०० जनालाई खोप लगाउने काम सम्पन्न भएको छ ।

**आदरणीय सभाध्यक्षज्यू,**

**अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को वजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**वजेटका उद्देश्यहरु निम्न रहेका छन्।**

क)  विपदको समयमा पनि गाउँपालिकाबासीको जीवन रक्षा गर्दै जीवन निर्वाहको व्यवस्था मिलाई जनजीवनलाई सहज बनाउने,

ख)  उपलब्ध स्रोत साधनको सन्तुलित तथा समन्यायिक ढङ्गले परिचालन गरी आर्थिक असमानता न्यूनिकरण, रोजगारी सृजना, गरिबी न्यूनिकरण र गुणस्तरिय भौतिक पूर्वाधार निर्माण गर्ने,

ग)  गाउँपालिकाको प्रयास एवं लगानीलाई स्वास्थ्य, शिक्षा, कृषि ,पर्यटन पूर्वाधार विकास, उद्योग एवं उद्यमशीलता विकास, रोजगारी र दक्ष एवं उर्जावान मानव विकासको दिशामा केन्द्रित गर्ने,

घ)  सुशासन प्रवर्द्धन गरी नागरिकमैत्री डिजिटल सार्वजनिक सेवा प्रवाह गर्ने,

ङ)  गाउँपालिकाको आन्तरिक राजस्व परिचालन र लगानीको उत्पादनशीलता वृद्धि गरी स्थानीय अर्थतन्त्रलाई बलियो बनाउने,

च)  लगानीमैत्री वातावरण निर्माण गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रको स्रोत साधनलाई उत्पादनशील क्षेत्रमा परिचालन गरी दिगो अर्थतन्त्र निर्माण गर्ने,

छ)  सामाजिक न्याय सहितको समतामूलक र समावेशी विकास गर्ने ।

**७.  आगामी आर्थिक वर्ष २०८३/८४ को लागि तय गरिएका वजेटका उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका प्राथमिकता निर्धारण गरेको छु ।**

क)  साझेदारी तथा सार्वजनिक, निजी र सहकारी क्षेत्रको स्रोत साधनलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्दै उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्ने,

ख)  गुणस्तरीय शिक्षा, सुलभ स्वास्थ्य सेवा, कृषि उत्पादन एवं उत्पादकत्व वृद्धि, पर्यटन र शीघ्र प्रतिफल दिने रणनीतिक महत्वका पूर्वाधार निर्माणमा जोड दिने,

ग)  सबै प्रकारका विभेद र असमानताको अन्त्य, जनउत्तरदायी शासकीय प्रबन्ध, सुशासन, भ्रष्टाचार नियन्त्रण र सेवा प्रवाहको प्रभावकारीता अभिवृद्धि गर्ने

घ)  वित्तिय अनुशासन कायम राख्दै प्रगतिशिल सार्वजनिक वित्त व्यवस्थापनमा जोड दिने,

ङ)  वातावरण संरक्षण तर्फ विशेष ध्यान दिई विपद व्यवस्थापन कार्यका लागि आवश्यक आर्थिक, भौतिक तथा मानविय श्रोतको उचित व्यवस्थापन गर्ने ।

**आदरणीय सभाध्यक्षज्यू,**

**अब म आगामी आर्थिक वर्षको क्षेत्रगत कार्यक्रम र वजेट विनियोजन प्रस्तुत गर्न चाहन्छु**

## स्वास्थ्य, खानेपानी तथा सरसफाई

८. बुद्धशान्ति गाँउपालिकामा संचालनमा रहेका स्वास्थ्य संस्था दर्ता, सूचीकरण तथा नवीकरण कार्यलाई अघि बढाउन र स्वास्थ्य सेवालाई सर्वसुलभ, सबैको पँहुच योग्य, गुणस्तरीय र थप व्यवस्थित एवं प्रभावकारी बनाउन कानुनी दायरामा ल्याउनको लागि आवश्यक कानुन निर्माण गरी कार्यान्वयन गरिने कार्यलाई निरन्तरता दिन आवश्यक वजेट विनियोजन गरेको छु ।

९. भागीरथा न्यौपाने बुद्धशान्ति अस्पताल र शान्तिनगर स्वास्थ्य चौकी लगायत आधारभुत स्वास्थ्य सेवा केन्द्रमा नियमित चेकजाँच गराएका गर्भवती महिलाहरुलाई प्रशुती सेवाका लागि झापा जिल्ला भरिका अस्पतालहरुमा जानका लागि निशुल्क रुपमा एकतर्फी एम्बुलेन्स सेवा बापतको रकम तथा प्रसुती स्याहार खर्च वापतको रकम उपलब्ध गराउने कार्यलाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाएको छु ।

१०. पूर्ण खोप सुनिश्चितता तथा दिगोपनाको लागि पालिका स्तरीय कार्यक्रमहरुलाई निरन्तरता दिएको छु, निजी तथा सरकारी स्वास्थ्य संस्थाहरुको अभिलेख तथा प्रगती प्रतिवेदन कार्यक्रम चुस्त दुरुस्त राख्नको लागि DHIS 2 र ELMIS सम्बन्धि तालिमको व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिन तथा नसर्ने रोग सम्बन्धी विभिन्न अभिमुखीकरण लगायतका कार्यक्रम संचालन गर्न एवं गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने आर्थिक रुपमा विपन्न ५ वर्ष मुनिका उमेर समुहका मुटुको अपरेशन गर्नुपर्ने बिरामीलाई सम्बन्धित वडा समितिको सिफारिसमा उपचारमा विशेष सहायता उपलब्ध गराउन आवश्यक वजेटको व्यवस्था गरेको छु ।

११. यस गाउँपालिका भित्रका बालबालिकाहरुलाई आयुर्वेद औषधालयको पँहुचमा ल्याई स्वर्ण विन्दु प्राशन मार्फत रोग प्रतिरोधात्मक क्षमता बढाउनका लागी कार्य गर्न आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

१२. घातक रोग (क्यान्सर रोगी, मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका र मेरुदण्ड पक्षाघातका) बिरामीहरुलाई मासिक रुपमा प्रदान गरिरहेको उपचार खर्च बापतको रकमलाई निरन्तरता दिएको छु । राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको अवकाश पश्चात सेवा गरेबापत सम्मान तथा प्रोत्साहनको लागि आवश्यक वजेट व्यवस्थापन गरेको छु । साथै

स्वास्थ्य स्वयं सेविकाहरुको कल्याणकारी कोषका लागि आवश्यक रकमको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिएको छु ।

१३. नेपाल रेडक्रस सोसाईटी झापासँगको समन्वयमा बुद्धशान्तिबासी नागरिकहरुका लागि निशुल्क रक्तसञ्चार सेवा संचालनमा ल्याउने कार्यलाई अगामी वर्षको लागि पनि निरन्तरता दिएको छु । साथै मनोसामाजिक अपाङ्गता तथा अन्य अपाङ्गता भएका मानिसहरुलाई स्वास्थ्य बीमाको लागि पहल गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

१४. दीर्घ रोगीहरुको लागि एम्लोडिपिन र मेटफोर्मिन खरिदको लागि आवश्यक रकमको व्यवस्था गरेको छु । गाउँघर क्लिनिक संचालन गरि स्थानीय स्तरमा निशुल्क आयुर्वेद औषधिबाट प्रभावकारी उपचारको सेवा उपलब्ध गराउन तथा आयुर्वेद औषधिको सहज तथा प्रभावकारी आपूर्ति एवं उपयोगलाई सुनिश्चित गर्दै आयुर्वेद स्वास्थ्य संस्थाहरुमा सेवा लिन आउने सेवाग्राहीहरुलाई तोकिएको आयुर्वेद औषधिहरु नि:शुल्क रुपमा निरन्तर उपलब्ध गराउन आवश्यक वजेट विनियोजन गरेको छु ।

१५. विभिन्न खानेपानी आयोजनाहरु सञ्चालन, निर्माण तथा मर्मत गर्न तथा सञ्चालनमा रहेका खानेपानी आयोजनाहरुको संरचनात्मक सुधार गर्न खानेपानी तथा सरसफाई अन्तर्गत आवश्यक वजेटको प्रबन्ध मिलाएको छु ।

१६. पेश भएका कार्यक्रमहरु कार्यान्वयनका लागि स्वास्थ्य, खानेपानी तथा सरसफाई शिर्षक अन्तर्गत रु ९१ लाख ५७ हजार ३ सय ७६ विनियोजन गरेको छु ।

## शिक्षा, युवा तथा खेलकूद

१७. विद्यालय शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउन सवै क्षेत्रको साझेदारीमा आवधिक शिक्षा योजनाको पाँच वर्षे खर्च संरचना सहितको योजना कार्यान्वयन गर्न, प्रचलित कानून बमोजिम शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गरी सामुदायिक विद्यालयलाई तीनै तहका सरकार र समुदायको सहकार्यमा पूर्वाधार र स्रोत साधन सम्पन्न बनाउने कार्यलाई निरन्तरता दिन तथा आधारभुत तह उमेर समुहका यस पालिका भित्रका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न विद्यालय ल्याउने, टिकाउने र सिकाउने अभियान सञ्चालन गर्न आवश्यक प्रवन्ध मिलाएको छु ।

१८. "हामी गर्न सक्छौं, हामी गर्छौं" भन्ने नाराका साथ विद्यालयमा भएका ल्याब, पुस्तकालय, शैक्षिक सामग्रीको अधिकतम प्रयोग गरी शिक्षाको गुणस्तर सुधार गर्न र शिक्षण सिकाईलाई प्रविधिमैत्री

वनाउन स्मार्ट वोर्डको माध्यमबाट पठनपाठन गर्न गराउन प्रोत्साहित गर्ने कार्यका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

१९. सामुदायिक विद्यालय र बालबिकासमा कार्यरत बालबिकास सहजकर्ता , विद्यालय सहायक, विद्यालय सहयोगी र स्वयंसेवक शिक्षकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न रु २२ लाख विनियोजन गरेको छु ।

२०. सामुदायिक विद्यालयको समग्र विकासका लागि बालपोषण, विद्यार्थिको गुणस्तरमा वृद्धि तथा सिकाई अभिवृद्धि गर्न सामुदायिक विद्यालयहरुमा अध्यक्ष र उपाध्यक्षसँग अभिभावक-विद्यार्थि कार्यक्रम संचालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

२१. स्थानीय इतिहास, भूगोल, कला, साहित्य, संस्कृति आदिको जानकारी गराई गाउँपालिका प्रतिको अपनत्व भाव विकास गर्न स्थानीय पाठ्यक्रम तगार गरी क्रमश: लागु गर्न आवश्यक व्यवस्था गरेको छु । साथै निःशुल्क दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी एवम् पोषणयुक्त बनाउन सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकास केन्द्रमा अध्ययनरत बालबालिकाहरुको लागि नेपाल सरकारबाट उपलव्ध रकममा प्रति विद्यार्थी रु. १० का दरले थप गरी उपलब्ध गराउने कार्यलाई निरन्तरता दिन आवश्यक वजेट विनियोजन गरेको छु ।

२२. विद्यालयहरुमा सुशासन र लैङ्गिक समानता कायम गर्न सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने व्यवस्था मिलाउनुका साथै प्राप्त उजुरीको तुरुन्त सुनुवाई गर्ने व्यवस्था मिलाउन तथा विद्यालयमा अध्ययनरत किशोरीको स्वास्थ्य प्रवर्द्धन गर्न संस्थागत विद्यालयमा अध्ययनरत छात्राहरुका लागि समेत विद्यालयसँगको साझेदारीमा सेनेटरी प्याड उपलब्ध गराउने पहल गर्न आवश्यक व्यवस्था गरेको छु ।

२३. गाउँपालिका क्षेत्रका युवालाई लक्षित गरी स्वरोजगार, आत्मनिर्भर र स्वावलम्बी बनाउन युवा उद्यमी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्न, युवाहरुलाई स्थानीय माग र आवश्यकताको आधारमा छोटो अवधिका रोजगारमूलक सीप विकास तालिम प्रदान गर्ने व्यवस्था मिलाउन तथा युवाहरुलाई कुलत तथा सामाजिक विकृतिबाट जोगाउन सचेतना कार्यक्रम सञ्चालनका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

२४. युवा तथा बालबालिकामा रहेको अन्तर्निहित प्रतिभा र क्षमताको प्रस्फुटनका साथै गाउँबासीबीच सम्बन्ध विकास र व्यक्तित्व विकासको लागि गाउँस्तरीय साहित्यिक एवं सांस्कृतिक कार्यक्रम, हाजिरीजवाफ, वक्तृत्वकला लगायतका कार्यक्रम सञ्चालन गर्न एवं समुदायस्तरदेखि नै खेल र खेल संस्कृतिको विकास र प्रवर्द्धन गर्न अध्यक्ष, उपाध्यक्ष कप लगायत विभिन्न किसिमका गाउँपालिकास्तरीय खेलकूद प्रतियोगिता सञ्चालन गर्न आवश्यक वजेटको व्यवस्था गरेको छु ।

२५. खेल प्रशिक्षकको व्यवस्था गरी पालिकास्तरीय खेलाडी उत्पादन गर्न, राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न खेलकुदमा लगानी वृद्धि गर्न तथा सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूलाई विद्यालय स्तरीय फुटबल, क्रिकेट, भलिबल लगायत खेलकुद प्रतियोगिता सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

२६. पेश भएका कार्यक्रमहरुको लगि शिक्षा युवा तथा खेलकुद शाखाको लागि रु ४ करोड ४९ लाख २७ हजार २ सय ८३ विनियोजन गरेको छु ।

## कृषि तथा पशुपन्छी विकास

२७. गाउँपालिकाभित्र कृषियोग्य जमिन पर्याप्त भएका वडामा कम्तिमा एउटा नमूना कृषि पकेट क्षेत्र विकासका साथै युवाहरुलाई कृषि पेशामा आकर्षण गर्न माग, आवश्यकता र औचित्यताको आधारमा व्यवसायिक तालिम संचालन गरी तालिम लिएकालाई मौसम अनुसारको उन्नत जातका फलफूल, तरकारी तथा अन्नबालीको लागि सहज र सरल ढंगबाट अनुदानमा मल, बीउ, नवीनतम प्रविधि र प्राविधिक सल्लाह समयमै उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाएको छु ।

२८. "कृषिको पहिलो आधार-माटो सुधार" भन्ने मूल नाराका साथ गाउँपालिकाको कृषि बिकास शाखा मार्फत माटो परिक्षण कार्यक्रमलाई बृहत रुपमा लागु गर्न आवश्यक प्रवन्ध मिलाएको छु । माटो परिक्षणका आधारमा माटो सुधारका लागि कृषि चुन तथा शुक्ष्म खाद्य तत्व वितरण गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

२९. तोरी र आलुको बीउमा आत्मनिर्भर बनाउन बीजबृद्धि कार्यक्रम सञ्चालन गर्न तथा मकै खेति प्रबर्द्धनका लागि उत्पादन तथा हार्भेष्टिङ यन्त्र उपकरणमा सहयोग गर्न कृषिमा प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत लागत साझेदारीमा कृषकलाई आवश्यक पर्ने कृषि पशुपालन सम्वन्धी औजार/सामाग्री तथा उपकरणहरु उपलब्ध गराउने कार्यलाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाएको छु ।

३०. पशुजन्य उत्पादनमा जोड दिँदै कृषकलाई निःशुल्क पशु स्वास्थ्य सेवा उपलब्ध गराईने नीतिलाई निरन्तरता दिँदै खोरेत, लम्पिस्किन, स्वायन फिभर जस्ता रोगको प्रकोप फैलन नदिन नियमित खोप सेवा सञ्चालन गर्न र अत्यावश्यक औषधी खरिद गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

३१. बिषादी न्यूनिकरण गरी स्वस्थ्य बाली उत्पादन गर्न गोठ खोर सुधार, भकारो सुधार, भर्मिकम्पोष्ट उत्पादन, जैविक मल तथा जैविक वानस्पतिक विषादीको प्रयोग गर्न कृषकहरूलाई प्रोत्साहन गरी

अर्गानिक खेति प्रवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाई शून्य विषादी कृषि क्षेत्र निर्माणका लागि आवश्यक वजेटको विनियोजन गरेको छु ।

३२. बिभिन्न बालीमा लाग्ने रोग किरा नियन्त्रणका लागी बाली उपचार शिविर, माटो परिक्षण शिविर सञ्चालन गरी कृषि चुन शुक्ष्म तत्व , जैविक बिषादी तथा फेरोमेन ट्याप लगायत बाली संरक्षणका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्न, रेबिज रोग नियन्त्रणको लागि निशुल्क रेबिज रोग विरुद्धको खोप कार्यक्रमलाई निरन्तरता दिनका साथै यस गाउँपालिका भित्र रहेका पशुपन्छी फर्म, औषधी पसल तथा मासु पसललाई अनुगमन गरि अध्यावधिक गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

३३. कृषि समूह, पशुपालन समूह, कृषि तथा पशु फार्महरुलाई थप क्रियाशिल वनाउन मागमा आधारित तालिम, नतिजा प्रद्धर्शन, तरिका प्रद्धर्शन, उत्पादन प्रद्धर्शन, उन्नत प्रविधि तथा उपकरण हस्तान्तरण जस्ता कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

३४. कृषि तथा पशुपंक्षी विकासतर्फ कूल ८७ लाख ८० हजार ६ सय ७३ विनियोजन गरेको छु।

## महिला, बालबालिका तथा समाज कल्याण

३५. बालविकास केन्द्र स्थापना र बाल अधिकारको संरक्षण एवम् प्रवर्धन गर्दै बालमैत्री गाउँपालिकाको रुपमा विकसित गर्ने कार्यका लागि विशेष प्रबन्ध मिलाएको छु ।

३६. बाल श्रम, बाल बिबाह तथा बहु बिबाह, अन्धविश्वास, लैङ्गिक विभेद र लैङ्गिक हिंसा, छूवाछुत, जस्ता सामाजिक कुरीतिहरुको अन्त्यका लागि विभिन्न विद्यालय तथा अन्य स्थानहरुमा सचेतनामुलक कार्यक्रम संचालन गर्न, लागुपदार्थ प्रयोग, मानव बेचबिखन तथा साईवरक्राईमका घटनामा कमी ल्याउन सचेतनामुलक कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

३७. संविधान र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको अधिनमा रही सबै वर्ग र समुदायका नागरिकको स्रोतसाधन माथिको अवसर, पहुँच र लाभको बाँडफाँडमा समान हिस्सेदारी स्थापित गर्न पछाडि परेका वर्ग र समुदायको आर्थिक सामाजिक सशक्तिकरणको लागि क्षमता, शिप, पूँजी र प्रविधिमा पहुँचको लागि कार्यक्रम संचालन गर्न व्यवस्था मिलाएको छु ।

३८. ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभवलाई पुस्तान्तरण र हस्तान्तरण गर्न कार्यक्रम संचालनका साथै अल्जाईमर्स तथा डिम्नेसिया रोगको बारेमा सचेतनामुलक कार्यक्रम संचालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

३९. जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता र प्राथमिकताको आधारमा निःशुल्क सहायक सामाग्री वितरण गर्ने, जेष्ठ नागरिक तथा अपाङ्गता भएका ब्यक्तिहरुलाई सहायक सामाग्रीको अभाव हुन नदिन पहिले प्रदान गरेका र हाल प्रयोगमा नआएका सहायक सामाग्रीहरु संकलन तथा मर्मत गरी पुनःप्रयोगमा ल्याउन आवश्यक प्रबन्ध मिलाएको छु ।

४०. महिला, ज्येष्ठ नागरिक, अपाङ्गता, यौनिक अल्पसंख्यक, लोपोन्मुख जाति, एकल महिलालाई आर्थिक ऐन, २०८३ मार्फत कर सहुलियतको व्यवस्था गरेको छु ।

४१. गाउँपालिकाको लैंगिक समानता र समावेशीकरण सम्बन्धी नीति तर्जुमा गर्नुको साथै लैंगिक उत्तरदायी बजेट निर्माण र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गर्ने कार्यलाई निरन्तरता दिएको छु ।

४२. लक्षित वर्गका लागि मागमा आधारित सीप तथा क्षमता विकास कार्यक्रम संचालन गरी सशक्तिकरण तथा स्वरोजगारमूलक कार्यक्रम संचालन गर्न र उनीहरुले उत्पादन गरेका सामानको बजारीकरणका लागि सहजीकरण गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

४३. बेवारिसे भई समाजमा रहेका बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहाय ब्यक्तिहरुको सुरक्षा तथा संरक्षणका लागि आवश्यकतानुसारको पुनःस्थापना केन्द्र, ज्येष्ठ नागरिक आश्रय केन्द्र, अपाङ्गता तथा अशक्त स्याहार तथा पुनः स्थापनाका लागि विभिन्न सरोकारवाला संघसंस्थासँग सम्पर्क सम्बन्ध स्थापित गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

४४. अपाङ्गता भएका ब्यक्ति तथा मनोसामाजिक समस्या भएका ब्यक्तिहरुलाई निःशुल्क स्वास्थ्य बिमामा आबद्ध गर्न तथा कोशी प्रदेश सरकारको साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिन आवश्यक वजेटको प्रबन्ध मिलाएको छु ।

४५. अपाङ्गता परिचयपत्र, ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिँदै आवश्यकता अनुसार परिचयपत्र वितरणका लागि समन्वय समितिको बैठक एवं शिविर संचालन गर्ने व्यवस्थालाई निरन्तरता दिएको छु ।

४६. गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने ज्येष्ठ नागरिकलाई उहाँहरुले समाजमा पुऱ्याउनु भएको योगदानको कदर स्वरुप ज्येष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गर्न, ज्येष्ठ नागरिकहरुको उत्कृष्ट स्याहार गर्ने छोरी बुहारी तथा संरक्षकको सम्मान गर्न र ज्येष्ठ नागरिकहरुलाई समय समयमा नमूना गाउँपालिका तथा नगरपालिकाको भ्रमण तथा धार्मिक तिर्थाटनमा सहभागी गराउन आवश्यक वजेट विनियोजन गरेको छु ।

४७. वैदेशिक रोजगारीमा रहेका व्यक्तिका परिवार तथा सुरक्षित आप्रवासनसँग सम्बन्धित जोखिममा रहेका व्यक्तिहरूका लागि मनोसामाजिक परामर्श तथा सचेतनामूलक कार्यक्रम संचालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

४८. स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, शिक्षक तथा समुदायस्तरका सरोकारवालाहरूको क्षमता अभिवृद्धिका लागि तालिम तथा अभिमूखीकरण कार्यक्रम संचालन गर्न व्यवस्था मिलाएको छु ।

४९. अशक्त ज्येष्ठ नागरिकहरुलाई आफ्नो दुःख पिडा भुलाउन थोरै भएपनि सहयोग पुगोस भनी अध्यक्ष-उपाध्यक्ष ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत रेडियो वितरणका लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

५०. पेश भएका कार्यक्रमहरु कार्यान्वयनका लागि महिला, बालबालिका तथा समाज कल्याण शिर्षक अन्तर्गत रु ६९ लाख ६१ हजार ४ सय ४ विनियोजन गरेको छु ।

## वातावरणमैत्री शहरी विकास, सिंचाई तथा पूर्वाधार निर्माण

५१. आगामी आर्थिक वर्षमा कम्तिमा १० किलोमिटर कालोपत्रे तथा पेभर्स सडक निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ आवश्यक वजेट विनियोजन गरेको छु ।

५२. सघन शहरी बस्ती भएका स्थानमा उपभोक्ता समेतको साझेदारीमा पार्क, ढल, विद्युत, खानेपानी तथा शहरी सडक निर्माण समेतलाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाएको छु ।

५३. ग्रामिण क्षेत्रमा एल. पि. ग्यासको वढ्दो प्रयोगलाई निरुत्साहित गर्दै नवीकरणीय उर्जाको पहुँच विस्तार गर्न सोलार चुलो, विद्युतिय चुलो, गोवरग्यास तथा सुधारिएको चुलो लगायतका प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

५४. ७०/३० साझेदारी कार्यक्रम मार्फत विभिन्न पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिन रु ७० लाखको व्यवस्था गरेको छु ।

५५. बुद्धशान्ति वसपार्कलाई मुख्य प्रस्थान विन्दु वनाउने लक्ष्यका साथ सुविधा सम्पन्न वसपार्क निर्माणका लागि व्यवस्थित तटवन्धन निर्माण गर्न आवश्यक पहल गर्न वजेटको व्यवस्था गरेको छु ।

५६. गाउँपालिका भित्रका सडक, चोक तथा सार्वजनिक स्थलमा सडक बत्ती जडान गर्ने कार्यलाई क्रमशः कार्यान्वयन गर्दै लैजान अध्यक्ष उपाध्यक्ष उज्यालो कार्यक्रम मार्फत गाउँपालिका तर्फ रु १५ लाख तथा वडा कार्यालयहरु तर्फ आवश्यक वजेट विनियोजन गरेको छु ।

५७. मर्मत सम्भार कोषको व्यवस्था गरी सडकको नियमित मर्मत सम्भारको व्यवस्था मिलाएको छु ।

५८. गाउँपालिका केन्द्र देखि सबै वडा कार्यालय सम्म जोड्ने सडकलाई कालोपत्रे वा पेभर्स सडक निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखी सो कार्यका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

५९. गाउँपालिका भित्रका विभिन्न सिंचाई संरचनाहरु निर्माण तथा मर्मत गर्ने प्रयोजनका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

६०. डिप बोरिङ्ग मार्फत सिंचाई, इनार मार्फत सिंचाई तथा पैनीका मुहान संरक्षण गर्ने कार्यका लागि पालिका स्तरिय तथा वडा मार्फत वजेट विनियोजन गरेको छु ।

६१. वडा नं ७ मा रहेको हरित पार्कलाई व्यवस्थित वनाउदै ध्यान केन्द्रको रुपमा स्थापित गर्न, वुद्धशान्ति चक्रपथलाई क्रमशः स्तरोन्नति गर्न र लक्ष्मीनारायण मन्दिर परिसरमा व्यवस्थित सिटि हल निर्माण सम्पन्न भइसकेको हुँदा सञ्चालन कार्य अघि बढाउन आवश्यक पहल गर्ने योजना बनाएको छु ।

६२. भवन निर्माण संहिताको पूर्ण कार्यान्वयन गर्न आवश्यक प्रवन्ध मिलाएको छु ।

६३. पेश भएका कार्यक्रमहरु कार्यान्वयनका लागि शहरी विकास तथा पूर्वाधार निर्माण शिर्षक अन्तर्गत रु १४ करोड ४८ लाख ३८ हजार १ सय १ विनियोजन गरेको छु ।

## सूचना तथा सञ्चार प्रविधि

६४. सबै वडा कार्यालयहरूमा डिजिटल सूचना पाटीको व्यवस्थापन गर्न तथा सुरक्षालाई सुदृढ बनाउन सबै वडा कार्यालय, गाउँ कार्यपालिकाको कार्यालय र सुरक्षा जोखिम भएका सार्वजनिक स्थानहरूमा सीसीटीभी जडान तथा व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

६५. कार्यालयहरूमा हाल जडान गरिएका IP Telephone र Intercom लगायतका सञ्चार प्रणालीहरूलाई थप विस्तार गर्न र कार्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि (ICT) सम्बन्धी उपकरणहरू थप गर्दै आवश्यकता अनुसार नयाँ प्रणालीहरूको विकास र एकीकरण गर्ने कार्यका लागि वजेटको व्यवस्था गरेको छु ।

६६. डिजिटल नागरिक वडापत्रलाई अस्पताल, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा समेत विस्तार गर्दै नागरिकले पालिकालाई वुझाउनु पर्ने राजस्व रकम घरमै वसी अनलाईन प्रणालीबाट भुक्तानी गर्न सक्ने प्रविधिको विकास गरी कार्यान्वयन गर्न आवश्यक प्रवन्ध मिलाएको छु ।

६७. सूचना तथा सञ्चार प्रविधिको विकासका लागि रु २६ लाख ७५ हजार ५ सय विनियोजन गरेको छु ।

## भाषा, संस्कृति, उद्योग ,उद्यमशीलता र रोजगार

६८. बाँसजन्य उत्पादन, ढाका, छाला, नेपाली कागज, फलाम तथा तामाका औजार, भाडाकुडा निर्माण, काठ तथा माटोका सामान, सुगन्धित धुप, हार्पिक, साबुन तथा फिनेल बनाउने जस्ता परम्परागत सीपमा आधारित घरेलु उद्योगलाई प्रोत्साहनस्वरूप अनुदान उपलब्ध गराउने तथा बजारीकरणमा सहयोग गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

६९. संघीय सरकारसँगको साझेदारीमा लघु उद्यम विकास कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न पालिकाको तर्फबाट हुने साझेदारी रकम सुनिश्चित गरेको छु ।

७०. बुद्धशान्ति गाँउपालिकाको श्रम डेस्क सञ्चालन कार्यविधि बमोजिम श्रमिक सूचीकरण गरी सुचीकृत श्रमिकहरुलाई विभिन्न रोजगारमुलक आयोजनामा परिचालन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

७१. युवा लक्षित शिप विकास तथा स्वरोजगार प्रवर्द्धन कार्यक्रम संचालन एवं विभिन्न शिपमूलक कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

७२. श्रम डेस्क सञ्चालन कार्यविधि अनुसार सूचीकृत भएका श्रमिकहरुको बीमा प्रकृया अगाडी बढाउन तथा अन्य कल्याणकारी सेवा सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

७३. “समृद्ध पालिका निर्माणको आधारः उद्यमशीलता, उत्पादन वृद्धि र रोजगार” लाई यथार्थतामा परिणत गर्न उपलब्ध स्रोत, साधन, पूँजी, सीप र प्रविधिको अधिकतम उपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धिका कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु, साथै स्थानीय स्रोत, साधन, सीप र प्रविधिमा आधारित रोजगारी सिर्जना गर्ने लघु, घरेलु, साना तथा मझौला उद्यमलाई प्राथमिकता र प्रोत्साहन गर्ने प्रयोजनका लागि आवश्यक प्रवन्ध मिलाएको छु।

७४. भाषा तथा संस्कृति प्रवर्द्धनार्थ विभिन्न समूहहरुलाई प्रोत्साहन गर्ने कार्यका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

७५. उद्योग, उद्यमशिलता र रोजगार विकासका लागि रु २१ लाख ८५ हजार विनियोजन गरेको छु ।

## पर्यटन, वन तथा वातावरण संरक्षण

७६. बुद्धशान्ति गाउँपालिकाभित्र रहेका विभिन्न पर्यटन क्षेत्रहरुलाई एकिकृत रुपमा अघि बढाउने व्यवस्था मिलाएको छु ।

७७. वृक्षारोपणको कार्यक्रमलाई थप निरन्तरता दिदै बुद्धशान्ति गाउँपालिका क्षेत्रमा खानेपानीको मुहान संरक्षण र व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

७८. वन तथा नदी उकास जमीनको संरक्षण, पर्यावरण सुधार तथा वन्यजन्तुको आहार ब्यवस्थापनका लागी "वन्यजन्तुलाई वनमै आहार" कार्यक्रम सञ्चालनका लागि फलफूल तथा जडीबुटीजन्य विरुवा रोपण गर्ने कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत छनौट भएका कामदारलाई समेत परिचालन गर्न आवश्यक व्यवस्था मिलाएको छु ।

७९. जलवायु परिवर्तन अनुकुल कार्यका लागि संघ र प्रदेशसँगको समन्वय मार्फत संचालित कार्यक्रमलाई निरन्तरता दिएको छु ।

८०. सिमसार क्षेत्रको संरक्षणका लागि प्रभावकारी कार्यक्रम संचालनमा ल्याउनका लागि सम्वन्धित साझेदार निकायसँग आवश्यक समन्वय तथा सहकार्य गर्न आवश्यक प्रवन्ध मिलाएको छु ।

८१. पालिका क्षेत्रभित्रको जैविक विविधता, ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पर्यटकीय सम्पदाहरुको पहिचान गरी त्यसको अभिलेखीकरण गर्दै प्रचार-प्रसार, संरक्षण तथा संवर्द्धन र विकास गर्नुका साथै पालिका क्षेत्रभित्र फुर्सदको समय उपयोग तथा मनोरञ्जन लिने स्थल, साहासिक खेल, पदमार्ग, आराम क्षेत्र लगायत मानव निर्मित पर्यटकीय संरचना तथा पूर्वाधार निर्माण र विकासलाई निजी क्षेत्रसँगको साझेदारीमा अगाडि बढाउन आवश्यक व्यवस्था मिलाएको छु ।

८२. सामुदायिक वन क्षेत्रभित्रका पर्यटकीय क्षेत्रहरुको भौतिक पूर्वाधारको विकास गर्दै सामुदायिक वनसँगको साझेदारीमा पर्यटन क्षेत्र एवं पिकनिक स्पटको विकास गर्ने कार्य प्रारम्भ गर्न आवश्यक प्रवन्ध मिलाएको छु ।

८३. भुलभुले, पाँचपोखरी, खारखोला, तीनतले पर्यापर्यटन, आदर्श नमुना पर्यापर्यटन क्षेत्र एवं सामुदायिक वन छेउ रहेका धिमाल ग्रामथान, साकेला थान, सुनमाइ, धारागोला, जरेवर, सतिगौंडा, झोलुङ्गेपुल, ठुटेवर तथा जोरसाँघु क्षेत्रमा होम स्टे संचालन गर्न स्थानीय नागरिकलाई प्रोत्साहित गर्ने रणनीति अनुरुप समन्वय तथा सहकार्यको लागि आवश्यक प्रवन्ध मिलाएको छु ।

८४. पर्यटन, वन तथा वातावरण संरक्षण कार्यको लागि कुल रु २२ लाख ८४ हजार ५ सय ७४ विनियोजन गरेको छु ।

## विपद तथा फोहोरमैला व्यवस्थापन

८५. फोहोरमैलाको दिगो व्यस्थापनका लागि श्रोतमै फोहोर न्यूनीकरण गर्न कुहिने, नकुहिने र सिसाजन्य लगायत फोहोरलाई श्रोतमा वर्गिकरण गर्ने कार्यका लागि मुख्य चोक वजार क्षेत्रमा डस्टविन राख्ने व्यवस्था मिलाउन आवश्यक प्रवन्ध मिलाएको छु ।

८६. मानव तथा वन्यजन्तु वीचको द्वन्द्व न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै वन्यजन्तुलाई वनमै रमाउने वातावरण निर्माण गर्न साझेदारीमा वृक्षारोपण कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

८७. विपद व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरी विपद व्यवस्थापन पुर्व तयारी वा प्रतिकार्य वा पुर्नलाभको लागि आवश्यक कार्य अघि बढाउन व्यवस्था मिलाएको छु ।

८८. उद्धार र राहत सामग्रीको उपलब्धता सुनिश्चित गरी विपदमा परेका नागरिकहरुलाई तत्काल उद्धार गर्ने व्यवस्था मिलाउन आवश्यक वजेट विनियोजन गरेको छु ।

८९. जंगली हात्ती तथा बाँदरका कारण कृषि कार्यमा बाधा पुगेका किसानहरुलाई वैकल्पिक कृषि व्यवसाय अवलम्वन गर्न प्रोत्साहन गर्ने उद्देश्यका साथ कृषि विकास शाखा मार्फत कार्यक्रम सञ्चालन हुने व्यवस्था मिलाएको छु ।

९०. हात्ती पिडित क्षेत्रमा सोलार वत्ति तथा हात्ति भगाउने साइरन खिदका लागि आवश्यक वजेटको व्यवस्था गर्नुका साथै ती क्षेत्रहरुमा सोलार फेन्सिङ्ग कार्य गर्नका लागि माथिल्ला निकायहरुमा पहल गर्न समेत आवश्यक प्रवन्ध मिलाएको छु ।

९१. वडा नं १ मा संघिय विशेष अनुदान मार्फत निर्मित Landfill Site सञ्चालन गर्न आवश्यक प्रवन्ध मिलाएको छु

९२. विपद व्यवस्थापन कार्यको लागि कुल रु २७ लाख ५० हजार विनियोजन गरेको छु ।

## सहकारी तथा गैरसरकारी संघ संस्था

९३. सहकारी संस्थाको नियमित तथा सघन अनुगमन र नियमन गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, सञ्चालनमा नरहेका सहकारी संस्थाको खारेजी र एकिकरण गर्न आवश्यक व्यवस्था मिलाएको छु।

९४. सहकारीको विश्वव्यापी सिद्दान्त र मूल्य मान्यता तथा सहकारी कानून अनुरुप सहकारीको दर्ता सञ्चालन नियमन र अनुगमनलाई प्रभावकारी बनाउन यस गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरूलाई सहकारी विभागले सञ्चालन गरेको कोपोमिस (COPOMIS) प्रणालीमा आबद्ध गर्न आवश्यक प्रवन्ध मिलाएको छु ।

**९५.** सहकारीको विश्वव्यापी सिद्धान्त र मूल्य मान्यता तथा सहकारी कानून अनुरुप सहकारीको दर्ता, संचालन, नियमन र अनुगमनलाई प्रभावकारी बनाउँदै पालिका क्षेत्रमा संचालित सहकारी संस्थाको संस्थागत क्षमता विकासको लागि विविध शिपमूलक तालिम तथा कार्यक्रम संचालन गर्न वजेट विनियोजन गरेको छु ।

९६. सहकारी तथा संघ संस्था सबलीकरण कार्यको लागि कुल रु ६ लाख २० हजार ५ सय ६७ विनियोजन गरेको छु ।

## शासकीय प्रबन्ध

९७. "सेवा लिने जनताको अधिकार र सेवा प्रदायकको कर्तव्य हो" भन्ने उद्देश्यले बुद्धशान्ति गाउँपालिकालाई नागरिकको सेवा प्रवाहको केन्द्र विन्दुको रुपमा विकास गरि सेवा प्रवाहमा प्रभावकारीता ल्याउन गाउँपालिकाको सेवा प्रवाह मापदण्ड तर्जुमा गरी यस गाउँपालिकालाई "जनताको सरकार, जनताको सेवा" गर्ने सरकारको रुपमा स्थापित गर्दै पारदर्शि कार्य प्रणाली अवलम्बन गर्न उचित प्रवन्ध मिलाएको छु ।

९८. गाउँपालिका र मातहतका कार्यालयहरुबाट प्रवाह गरिने सेवालाई प्रभावकारी, सर्वसुलभ र सरलीकृत गरी गाउँपालिकाबाट प्रवाह हुने सेवालाई जनउत्तरदायी बनाउन छरितो संरचना, पर्याप्त जनशक्ति, आवश्यक कार्यविधि निर्माण र आधुनिक प्रविधिको प्रयोगमा जोड दिन आवश्यक वजेट विनियोजन गरेको छु । ।

९९. "अब सेवा कार्यालयमा हैन, मोबाइलमै" भन्ने नारालाई सार्थकता प्रदान गर्न गाउँपालिकाको मोबाइल एप निर्माण गरी संचालनमा ल्याउनुका साथै आवश्यकता अनुसार कर्मचारीहरु तथा जनप्रतिनिधीहरुको लागि क्षमता विकास लगायत अन्य तालिमहरु सञ्चालन गर्ने व्यवस्थाका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।

१००. सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण जस्ता सुशासनका औजारहरुको नियमित प्रयोग गर्दै पारदर्शिता, उत्तरदायित्व र जनविश्वास आर्जन गर्ने कार्यगत ब्यवस्था मिलाएको छु। साथै गाउँपालिका र मातहतका वडा कार्यालयमा निरन्तर सेवा गरेका स्थानीय सेवामा कार्यरत

कर्मचारीका लागि कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि बमोजिम रकम थप गर्ने व्यवस्था मिलाएको छु ।

१०१. गाउँपालिका भित्रका वडा मेलमिलाप केन्द्रका सूचिकृत मेलमिलापकर्ता एवं न्यायिक समिति बीच असल अभ्यास आदान प्रदान कार्यक्रम सञ्चालनका साथै तालिम प्राप्त मेलमिलापकर्ताहरुलाई सूचीकृत हुन प्रोत्साहन गर्ने प्रवन्ध मिलाएको छु ।

१०२. न्यायिक समितिबाट भएका फैसला र मिलापत्र कार्यान्वयनका लागि कार्यपालिकासँग समन्वय गरि आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्दै हालसम्म न्यायिक समितिले गरेका क्रियाकलापहरु समेटेर स्मारीका प्रकाशन गरि प्रचार-प्रसार गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।।

१०३. उपभोक्ता समितिलाई थप जिम्मेवार बनाउदै योजना सम्झौता गर्ने र कार्यान्वयनमा कुनै अमुख व्यक्ति वा संस्थालाई गैर कानूनी रुपले ठेक्का दिने एवं एकै व्यक्ति एकै आर्थिक वर्षमा पटक पटक दोहोरिएर उपभोक्ता समितिमा बस्ने कार्यको अन्त्य गर्दै उपभोक्तालाई सम्पन्न आयोजनाको संरक्षणमा जिम्मेवार बनाउन सम्बन्धित उपभोक्ता समितिलाई योजना हस्तान्तरण कार्यको थालनी गर्ने र योजना कार्यान्वयनमा पारदर्शिता प्रवर्दन गर्न रु ५ लाख माथिका योजनालाई भुक्तानी अघि पालिकाको कार्यपालिका बैठकको निर्णय अनुरुप सार्वजनिक गर्ने व्यवस्था गर्न प्रवन्ध मिलाएको छु ।

१०४. गाउँपालिकाले प्रदान गर्नुपर्ने सेवाको प्रकृति एवं कार्यचापको आधारमा गाउँपालिका र अन्तर्गतको संगठन संरचना र दरबन्दीलाई पुनरावलोकन गरी यसको प्रशासनिक संरचना, जनशक्ति, कार्यशैली, कार्यविधि र प्रक्रिया, नयाँ प्रविधि, ज्ञान, सीप र क्षमतामा आधारित नागरिक पहुँचमैत्री बनाउन आवश्यक वजेट व्यवस्था गरेको छु ।

१०५. शासकीय प्रवन्धका लागि आगामी आ.व. मा रु ४७ लाख ४३ हजार ९ सय ७२ विनियोजन गरेको छु ।

## वजेट कार्यान्वयन र वित्तीय अनुशासन

१०६. वजेट कार्यान्वयनलाई तिव्रता दिँदै आम जनताका इच्छा आकांक्षालाई मूर्तरुप दिन आवश्यक पर्ने नीति, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड र शाखागत कार्यक्रम कार्यान्वयन कार्ययोजनाको मस्यौदा सम्बन्धित शाखाले आर्थिक वर्ष शुरु भएको पहिलो महिनाभित्र तयार गरी त्यसलाई कार्यपालिकाबाट स्वीकृत गरी गराई कार्यान्वयनमा लैजाने व्यवस्था मिलाएको छु ।

१०७. गाउँपालिका र मातहतका कार्यालयबाट हुने चालू खर्चमा एकरुपता ल्याउन र खर्च गर्ने शैलीलाई व्यवस्थित एवं पूर्वानुमानयोग्य तुल्याउन गाउँपालिकाको कार्यसंचालन निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याउने र गाउँपालिकाको वित्त व्यवस्थापनलाई थप पारदर्शी र उत्तरदायी बनाउन, खर्चको गुणस्तर र मितव्यिता कायम गर्न र सम्बन्धित व्यक्ति/निकायलाई जवाफदेही बनाउन गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याउनका लागि आवश्यक प्रस्ताव गरेको छु ।

१०८. फजुल, अनुत्पादक तथा अनावश्यक खर्चमा कटौती गरी चालू खर्चमा मितव्ययिता कायम गर्नुका साथै आन्तरिक लेखापरीक्षणलाई थप प्रभावकारी तुल्याइ अन्तिम लेखापरीक्षणबाट दिइएका सुझावहरु कार्यान्वयन गरी बेरुजु फछ्र्यौट गर्न सम्बद्ध सबै पदाधीकारी तथा कर्मचारीहरुलाई जिम्मेवार बनाउन सभामा प्रस्तुत गर्दछु ।

१०९. सार्वजनिक खरिदलाई पारदर्शी, प्रतिस्पर्धी र मितव्ययी बनाई खरिद सुशासन कायम गर्ने व्यवस्था मिलाउनुका साथै भौतिक पूर्वाधार निर्माण तथा सार्वजनिक खरिद गर्दा खरिद कानूनमा भएका व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रवन्ध गरेको छु ।

११०. उपाध्यक्षको संयोजकत्वमा रहेको योजना अनुगमन र मूल्यांकन समितिलाई क्रियाशील बनाई गाउँपालिका तथा वडा तहबाट सञ्चालन हुने योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्यांकन लाई प्रभावकारी बनाई संचालित योजना तथा कार्यक्रमको गुणस्तरीयता र दिगोपना कायम गर्न तथा उपभोक्ता समितिहरुलाई समेत थप जिम्मेवार बनाउन तालिम कार्यक्रम सञ्चालानार्थ आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

१११. वजेटको लक्ष्य र उद्देश्य अनुरुप कार्यान्वयनको नतिजा हासिल गर्न तथा देखा पर्न सक्ने चुनौती व्यवस्थापनका लागि गाउँपालिकाका सबै विषयगत समितिहरुलाई थप क्रियाशील र प्रभावकारी बनाउन आवश्यक सहजीकरणका लागि व्यवस्था मिलाएको छु ।

**आदरणीय सभाध्यक्षज्यू,**

**अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनको लागि वजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु ।**

११२. आर्थिक बर्ष २०८३/८४ को क्षेत्रगत नीति र कार्यक्रम कार्यान्वयन गर्न रु ६४ करोड १८ लाख ३० हजार ७ सय ६७ विनियोजन गरेको छु । कूल विनियोजन मध्ये शाखागत कार्यक्रमका लागि रु ५ करोड, वडागत वजेट रु ५ करोड, शसर्त अनुदान तर्फ २६ करोड ३७

लाख ७६ हजार, प्रशासनिक, कार्यालय सञ्चालन तथा कार्यक्रमगत खर्च तर्फ रु १२ करोड ६५ लाख ५७ हजार ७ सय ६७, समपुरक अनुदान तर्फ १ करोड २० लाख, विशेष अनुदान तर्फ रु १ करोड तथा गाउँपालिका भित्रका विभिन्न पूँजिगत निर्माणका लागि रु १२ करोड ९४ लाख ९७ हजार विनियोजन गरेको छु ।

११३. आगामी आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्व परिचालनबाट रु ३ करोड ५१ लाख १२ हजार, गत आ.व. को बैंक मौज्दात वापत रु १ करोड, घरजग्गा रजिष्ट्रेशन तथा खोलाकर संकलनबाट रु ३ करोड ६२ लाख ५० हजार, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु १४ करोड ८१ लाख ३५ हजार, नेपाल सरकार तथा प्रदेश सरकारको राजस्व बाँडफाँडबाट रु १२ करोड ६५ लाख ५७ हजार ७ सय ६७, संघ तथा प्रदेश सशर्त अनुदानबाट रु २६ करोड ३७ लाख ७६ हजार, संघ तथा प्रदेश समपूरक अनुदानबाट रु १ करोड २० लाख तथा संघ विशेष अनुदानबाट रु १ करोड प्राप्त हुने अनुमान छ ।

११४. पालिका क्षेत्रका आम नागरिकहरुबाट पूर्वाधार विकासका लागि उच्च प्राथमिकता सहित माग हुँदै आएको सन्दर्भमा नागरिकको अपनत्व र स्वामित्व वोध हुने यस्ता पूर्वाधार विकासका आयोजनाहरुमा नगद लागत साझेदारी गर्ने नीतिलाई निरन्तरता दिँदै सोही अनुरुप ७०/३० का आयोजनाहरुका लागि आवश्यक वजेटको एकमुष्ट प्रस्ताव पेश गरेको छु । पालिका क्षेत्रमा उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरु मध्ये मेसिनरी वाल, ग्रावेल वाटो स्तर उन्नती, माटो पटान तथा कटान जस्ता कार्यमा आवश्यकता अनुसार उपभोक्ताको लागत सहभागितामा योजना कार्यान्वयन गर्ने ब्यवस्थालाई पनि निरन्तरता दिएको छु ।

११५. नेपाल सरकार र कोशी प्रदेश सरकारवाट प्राप्त हुने सशर्त अनुदान खर्च गर्ने सम्वन्धमा प्राप्त योजना तथा कार्यक्रमलाई अनुसूचीमा राखि सोहि बमोजिम स्वीकृत गर्ने प्रस्ताव गरेको छु ।

११६. स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमा यस गाउँपालिकाका लागि छनौट भई आउने योजना तथा कार्यक्रमको वजेटमा गाउँपालिकाको तर्फबाट कार्यपालिकाको बैठकको निर्णयानुसार लागत साझेदारी गर्न आवश्यक पर्ने रकम समेत विनियोजन गरेको छु।

**आदरणीय सभाध्यक्षज्यू,**

**अब म आर्थिक वर्ष २०८३/८४ को राजस्व तथा कर प्रणालीमा गरिने सुधारका नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

## कर प्रणाली तथा कर प्रशासनमा सुधार

११७. स्थानीय करलाई प्रविधिमैत्री बनाउदै लगिनेछ ।आर्थिक वर्ष २०८१/८२ वा २०८२/८३ सम्म बुद्धशान्ति गाउँपालिका वा सम्बन्धित वडा कार्यालयमा गई भूमिकर/मालपोत, सम्पत्ति कर बुझाई स्थानीय करदाता कोड प्राप्त गरेका करदाताहरुलाई घरमै बसी सुरक्षित रूपमा कर तिर्न प्रोत्साहन गर्नका लागि म.ले. नि.का. ले निर्माण गरेको स्थानीय तह राजस्व पोर्टल (Local Level Revenue Portal) प्रयोगमा ल्याइनेछ ।

११८. लामो समयदेखि रोङ गाउँपालिका, ईलामले भोगचलन गरिरहेको वडा नं. ७ स्थित जोरकलस क्षेत्रमा रहेका ब्यवसायीक पसल/टहराहरु आफनै गाउँपालिकामा ल्याउने कार्यमा रोङ गाउँपालिका र जिल्ला समन्वय समितिहरुसँग समन्वय गरि कार्य अघि बढाइनेछ ।

११९. दिनानुदिन बढ्दै गईरहेको फोहोरमैलालाई ब्यवस्थापन गर्न फोहोरमैला ब्यवस्थापन ऐन २०७८ निर्माण भएकोमा सोहि ऐनको दफा १६ बमोजिम फोहोरमैलाको थप व्यवस्थापनका लागि आगामी आ. ब २०८३/८४ बाट फोहोरमैला व्यवस्थापन शुल्क कार्यान्वयनमा ल्याइनेछ ।

१२०. असोज महिनासम्म मालपोत तथा भुमिकर र सम्पत्ति कर बुझाउने करदाताहरुलाई १०% छुट दिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१२१. महिला तथा अपाङ्गता भएका ब्यक्तिहरुवाट सञ्चालित व्यवसायको दर्ता शुल्कमा २५% र असोज महिनासम्मको नविकरण शुल्कमा २०% र अन्य करदातामा असोज महिनासम्म व्यवसाय नविकरण गर्नेलाई दिदै आएको १०% छुट ब्यवस्थालाई निरन्तरता दिइनेछ ।

१२२. आ.व. २०८३/८४ बाट अपाङ्गता भएका व्यक्तिको नाममा भएको घर तथा भवन निर्माण कार्य अन्तर्गत नक्सा दरखास्त दस्तुरमा २५% प्रतिशत छुट दिइनेछ ।

१२३. बुधवारे बजारमा रहेका सब्जी मण्डीका टहराहरु र बधशाला क्षेत्रहरुलाइ थप ब्यवस्थापन गर्दै लगिनेछ । उक्त क्षेत्रहरुको थप सुधार गर्दै गाउँपालिकाको आन्तरीक आय बृद्धिका लागि मासिक रुपमा भाडाको दायरामा ल्याइनेछ ।

१२४. आगामी आ. ब २०८३/८४ बाट घरबहाल करलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न घर जग्गा बहाल कर संकलन कार्यविधि निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ साथै सो सम्बन्धी करदाताको लगत तयार गरि अभिलेख राखिनेछ ।

१२५. राजस्व प्रशासनलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारीहरुका लागि थप तालिमका साथै प्रविधि सुधार र क्षमता विकासमा लगानी गरिनेछ ।

**आदरणीय सभाध्यक्षज्यू,**

१२६. आर्थिक वर्ष २०८१/८२ को यथार्थ खर्च, चालू आर्थिक वर्ष २०८२/८३ को संशोधित अनुमान र वजेटको अभिन्न अंगको रुपमा रहेको आय व्ययको विवरण, राजस्व तथा अनुदान प्राप्तिको विवरण, व्यय अनुमान, वित्तीय व्यवस्था अनुमान, कार्यक्षेत्रगत व्यय अनुमान, बार्षिक विकास कार्यक्रम, सशर्त अनुदानको कार्यक्रम, बार्षिक कार्यक्रम कार्यान्वयन योजनालाई अनुसूचीमा उल्लेख गरेको छु ।

१२७. आर्थिक वर्ष २०८३/८४ को लागि रु ६४ करोड १८ लाख ३० हजार ७ सय ६७ रुपैंयाँको वार्षिक वजेट तथा कार्यक्रम गाउँसभाबाट स्वीकृत भई पालिका क्षेत्रभित्र विकास निर्माण कार्यलाई तिव्रता दिने उद्देश्यले गाउँ कार्यपालिकाको बैठकको निर्णयानुसार पालिका क्षेत्रका विभिन्न योजना तथा कार्यक्रम र अन्य प्रशासनिक खर्चको लागि विनियोजन गरी हालसम्म खर्च भएको अनुमानित रकम रु. ४२ करोड ८० लाख ६५ हजार ५ सय ६८ रुपैंयाँ ९५ पैसा तथा यो आ.व. को बाँकी अवधिमा खर्च हुने रकम समेत यस गाउँसभाको अठारौं अधिवेशनबाट समर्थन एवं अनुमोदन हुन प्रस्ताव गरेको छु ।

१२८. बुद्धशान्ति गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर, दस्तुर, शुल्क संकलन गर्न, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न नेपालको संविधानको धारा (२२८) को उपधारा (२) बमोजिम यस गाउँसभा समक्ष आर्थिक ऐनको मस्यौदा र सोका अनुसुचीहरु स्वीकृतिका लागि यसैसाथ पेश गरेको छु ।

१२९. बुद्धशान्ति गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा तथा कार्यहरुका लागि संचित कोषवाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न नेपालको संविधानको धारा (२२९) को उपधारा (२) बमोजिम यस गाउँसभा समक्ष विनियोजन ऐनको मस्यौदा र सोका अनुसूचीहरु यसैसाथ संलग्न गरी स्वीकृतिका लागि पेश गरेको छु ।

**आदरणीय सभाध्यक्षज्यू,**

१३०. आर्थिक बर्ष २०८३/०८४ को वजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गरिरहँदा विकास निर्माणका कामहरु पहिले जस्तै सहज र सामान्य रुपबाट अगाडि बढ्ने आशा राखेको छु । महामारी तथा अन्य काबू बाहिरको अवस्था परि सोचे अनुरुप नभएमा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक वजेट तथा कार्यक्रमलाई पछि गाउँसभाबाट अनुमोदन हुने गरी कार्यपालिकाको निर्णयबाट पुनःप्राथमिकीकरण गरी अन्य योजना तथा कार्यक्रम र व्यवस्थापनमा

लगाइनेछ ।स्थिति सहज भएर आर्थिक गतिविधि बढ्न गई गाउँपालिकाको श्रोत परिचालन बढ्न गएको अवस्थामा पालिका क्षेत्रका रणनीतिक महत्वका बुहवर्षीय योजनाहरु स्वीकृत गरी कार्यान्वयनमा लैजान गाउँ कार्यपालिकाको वैठकलाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव पेश गरेको छु ।

१३१. प्रस्तावित वजेट तथा कार्यक्रमको सफल कार्यान्वयनबाट शिक्षा, कृषि, पर्यटन र पूर्वाधार विकासको माध्यमबाट "समृद्ध बुद्धशान्ति" को सपना साकार पार्न योगदान पुग्ने विश्वास लिएको छु।यसको सार्थकताको लागि सबैको प्रयास, साथ, सहयोग, सहकार्य र स्वामित्वभाव जरुरी भएकोले पालिकामा क्रियाशील राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, संचार जगत र आम गाउँपालिकाबासीको ऐक्यवद्धताको अपेक्षा गरेको छु ।

१३२. बुद्धशान्ति गाउँपालिकाको यस गाउँसभामा पेश भएको आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित वजेट तथा कार्यक्रमले हालसम्म प्राप्त सामाजिक आर्थिक उपलब्धिलाई संरक्षण र संस्थागत गर्दै थप उन्नत बनाउने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने, भ्रष्टाचार नियन्त्रण गर्ने र प्राकृतिक प्रकोपबाट प्रभावित क्षेत्रलाई माथि उकास्न सहयोग गर्दै विकास निर्माण कार्यलाई तिव्रता दिने अपेक्षा गरेको छु । वजेट तथा कार्यक्रम निर्माणका क्रममा आफ्नो अमूल्य राय सुझाव उपलब्ध गराई सहयोग पुर्याउनु हुने गाउँपालिकाबासी दाजुभाइ दिदीबहिनी, राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, संचार माध्यम, राष्ट्रसेवक कर्मचारी लगायत सम्बद्ध सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद ।**

**भवानी प्रसाद खतिवडा**
**उपाध्यक्ष**
**बुद्धशान्ति गाउँपालिका**